TENRIKYO DOYUSHA

# दैवीय चिठीको प्रापक तपाईंनै हुनुहुन्छ



आफूभित्र भएका नकारात्मक कुराहरूलाई सकारात्मक रूपमा परिवर्तन गरेर फड्को मार्ने अवसर नै बिमार तथा व्यावहारिक समस्या हो भन्दा तपाईंलाई कस्तो लाग्छ ?

उदाहरणका लागि बिमारलाई लिऊँ। शरीरको कुन भागमा खराबी छ र कस्तो किसिमको बिमार हो भन्ने अनुसन्धान गरेर उपचार गर्नु चिकित्सकको काम हो। तर त्यसका साथै आफ्नो जीवनशैली तथा सोच्ने तरिकामा पनि कुनै विकार छ कि भनी आफैलाई पुनरावलोकन गर्नु पनि वास्तविक उपचारका लागि आवश्यक छ।

वास्तवमा बिमार तथा व्यावहारिक समस्या भनेको दैवीय चिठी हो र प्रापक आफै हो। आफूलाई पुनरावलोकन गर्न तेन्रिक्योले मानिसहरूलाई सहयोग गर्ने भूमिका खेल्छ।

आनन्दी जीवनको **तेन्रिक्यो**



TENRIKYO DOYUSHA

दैवीय चिठीको प्रापक तपाईंनै हुनुहुन्छ



आफूभित्र भएका नकारात्मक कुराहरूलाई सकारात्मक रूपमा परिवर्तन गरेर फड्को मार्ने अवसर नै बिमार तथा व्यावहारिक समस्या हो भन्दा तपाईंलाई कस्तो लाग्छ ?

उदाहरणका लागि बिमारलाई लिऊँ। शरीरको कुन भागमा खराबी छ र कस्तो किसिमको बिमार हो भन्ने अनुसन्धान गरेर उपचार गर्नु चिकित्सकको काम हो। तर त्यसका साथै आफ्नो जीवनशैली तथा सोच्ने तरिकामा पनि कुनै विकार छ कि भनी आफैलाई पुनरावलोकन गर्नु पनि वास्तविक उपचारका लागि आवश्यक छ।

वास्तवमा बिमार तथा व्यावहारिक समस्या भनेको दैवीय चिठी हो र प्रापक आफै हो। आफूलाई पुनरावलोकन गर्न तेन्रिक्योले मानिसहरूलाई सहयोग गर्ने भूमिका खेल्छ।

आनन्दी जीवनको **तेन्रिक्यो**

No.5（ネパール語）

चिजबिज जति नै पर्याप्त भए पनि
मनमा चिन्ता छ भने खुसी हुन सकिंदैन।
(ओसासिजु सन् १९०१ जुलाई १५)




भौतिक वस्तु र पैसाले जतिसुकै सम्पन्न भए पनि मानसिक पीडा तथा चिन्ता छ भने जीवन सुखमय हुन सक्दैन भन्नु नै माथिको वाणीको आशय हो। विशेष गरी मानिसको सम्बन्धका बारेमा भन्ने हो भने राम्रो कुरा भएमा उत्साहित हुने तर अप्ठ्यारो किसिमको कुरा भएमा जाँगर नचल्ने र टार्न खोज्ने प्रवृत्ति देखिन्छ। समयलाई विशेष ध्यान दिएर सर्वप्रथम मनमा लागेका कुराहरूबाट सुल्झा-उँदै जाने मानसिकता बनाएर प्रयत्नशील हुनुपर्छ। "मनमा चिन्ता छ भने त्यस्तो परिस्थितिलाई आनन्द भन्न मिल्दैन।" भनिएको छ।



चिजबिज जति नै पर्याप्त भए पनि
मनमा चिन्ता छ भने खुसी हुन सकिंदैन।
(ओसासिजु सन् १९०१ जुलाई १५)




भौतिक वस्तु र पैसाले जतिसुकै सम्पन्न भए पनि मानसिक पीडा तथा चिन्ता छ भने जीवन सुखमय हुन सक्दैन भन्नु नै माथिको वाणीको आशय हो। विशेष गरी मानिसको सम्बन्धका बारेमा भन्ने हो भने राम्रो कुरा भएमा उत्साहित हुने तर अप्ठ्यारो किसिमको कुरा भएमा जाँगर नचल्ने र टार्न खोज्ने प्रवृत्ति देखिन्छ। समयलाई विशेष ध्यान दिएर सर्वप्रथम मनमा लागेका कुराहरूबाट सुल्झा-उँदै जाने मानसिकता बनाएर प्रयत्नशील हुनुपर्छ। "मनमा चिन्ता छ भने त्यस्तो परिस्थितिलाई आनन्द भन्न मिल्दैन।" भनिएको छ।

https://www.tenrikyo.or.jp

# 'केही गरिदिन चाहने मन'ले यो संसार भरिपूर्ण गर्न चाहन्छु




यो चाहन्छु । त्यो पनि चाहन्छु । यस गरिदिनुस् । त्यसो गरिदिनुस् । यस्तो मानसिकता पूर्णत: 'बालकको मन' हो । यसको विपरीत अरूका लागि केही गरिदिन चाहन्छु, यसो गरेमा खुसी पार्न सकिन्छ भनेर सोच्ने मन 'मातापिताको मन' हो । कसैले केही गरिदेओस् भन्ने मनबाट असन्तुष्टि पनि पैदा हुन सक्छ । किनभने आशा गरेअनुसार भएन भने 'कस्तो मान्छे रहेछ ?' भन्ने सोच आउन सक्छ । जोसुकैले पनि आफ्ना वरिपरिका मानिसलाई आफ्नै सन्तान या प्रिय मानिसलाई गर्ने जस्तै बिनाशर्त स्नेहपूर्वक व्यवहार गर्ने हो भने यो संसारमा व्यक्तिगत सम्बन्ध अझ सुमधुर हुन्छ । 'केही गरिदिन चाहने मन', मातापिताको मनले यो संसार भरिपूर्ण गरी वात्सल्ययुक्त समाज स्थापना गर्नका लागि हामी तत्पर छौं ।



'केही गरिदिन चाहने मन'ले यो संसार भरिपूर्ण गर्न चाहन्छु




यो चाहन्छु । त्यो पनि चाहन्छु । यस गरिदिनुस् । त्यसो गरिदिनुस् । यस्तो मानसिकता पूर्णत: 'बालकको मन' हो । यसको विपरीत अरूका लागि केही गरिदिन चाहन्छु, यसो गरेमा खुसी पार्न सकिन्छ भनेर सोच्ने मन 'मातापिताको मन' हो । कसैले केही गरिदेओस् भन्ने मनबाट असन्तुष्टि पनि पैदा हुन सक्छ । किनभने आशा गरेअनुसार भएन भने 'कस्तो मान्छे रहेछ ?' भन्ने सोच आउन सक्छ । जोसुकैले पनि आफ्ना वरिपरिका मानिसलाई आफ्नै सन्तान या प्रिय मानिसलाई गर्ने जस्तै बिनाशर्त स्नेहपूर्वक व्यवहार गर्ने हो भने यो संसारमा व्यक्तिगत सम्बन्ध अझ सुमधुर हुन्छ । 'केही गरिदिन चाहने मन', मातापिताको मनले यो संसार भरिपूर्ण गरी वात्सल्ययुक्त समाज स्थापना गर्नका लागि हामी तत्पर छौं ।

आनन्दी जीवनको **तेन्रिक्यो**
No.11（ネパール語）

हलुका सामान जहाँसम्म पनि लिएर जान सकिन्छ।
गह्रौं सामान टाढासम्म लिएर जान सकिंदैन।
(ओसासिजु सन् १८९७ डिसेम्बर २९)



हरेक दिन हलुका सामान लिएर कदम चाल्न सकिन्छ। वर्षको सुरुमा या कुनै अवसरमा 'ल अब गरौं' भनेर कुनै संकल्प गरिन्छ। जस्तै दैनिकी लेखूँ या हरेक दिन दस हजार पाइला हिंडूँ भनेर प्रयास गर्न थाले पनि यी कामहरू गह्रौं सामान जस्तो महसुस गर्न थाल्यो भने निरन्तर गर्न नसकेर बीचमा छोडिहाल्छ। हरेक दिन बोकेर हिंड्न सकिने हलुका सामान जस्तो काममा निरन्तर रूपमा प्रयास गरेमा क्रमश: आफ्नो क्षमता पनि बढ्दै जान्छ। परिणामस्वरूप गह्रौं सामान जस्तो काम पनि पूरा गर्न सकिने हुन्छ। निरन्तरता दिनु नै सत्यता हो। लामो समयसम्म निरन्तर गर्न सक्नु नै उत्कृष्ट कुरा हो।



हलुका सामान जहाँसम्म पनि लिएर जान सकिन्छ।
गह्रौं सामान टाढासम्म लिएर जान सकिंदैन।
(ओसासिजु सन् १८९७ डिसेम्बर २९)



हरेक दिन हलुका सामान लिएर कदम चाल्न सकिन्छ। वर्षको सुरुमा या कुनै अवसरमा 'ल अब गरौं' भनेर कुनै संकल्प गरिन्छ। जस्तै दैनिकी लेखूँ या हरेक दिन दस हजार पाइला हिंडूँ भनेर प्रयास गर्न थाले पनि यी कामहरू गह्रौं सामान जस्तो महसुस गर्न थाल्यो भने निरन्तर गर्न नसकेर बीचमा छोडिहाल्छ। हरेक दिन बोकेर हिंड्न सकिने हलुका सामान जस्तो काममा निरन्तर रूपमा प्रयास गरेमा क्रमश: आफ्नो क्षमता पनि बढ्दै जान्छ। परिणामस्वरूप गह्रौं सामान जस्तो काम पनि पूरा गर्न सकिने हुन्छ। निरन्तरता दिनु नै सत्यता हो। लामो समयसम्म निरन्तर गर्न सक्नु नै उत्कृष्ट कुरा हो।

https://www.tenrikyo.or.jp

# निरन्तर स्वाभाविक किसिमले 'आपसी सहयोग' गरौं




भूकम्प आइरहन्छ। बेमौसमी चिसोका कारणले लगातार क्षति भइरहन्छ। दयनीय परिस्थिति देखेर मानिसहरू सहयोगका लागि सक्रिय हुन थाल्छन्। एक जनाको राहत कार्यबाट सहयोगको भावना फैलिंदै जान्छ। परिणामस्वरूप राहत कार्य व्याप्क हुँदै जान्छ।

हामी एकलै जीवन जिउन सक्दैनौं। आफू थाहा पाए पनि नपाए पनि जीवनयापन गर्दा अरू कसैको सेवामा आश्रित हुनै पर्छ। अझ महान अस्तित्वको संरक्षणद्वारा जीवित रहन सकेका छौं। त्यसैले त्यसको गुण तिर्नु पनि पर्ने हुन्छ। कहिले अरूलाई सहयोग गरेर कहिले कसैको सहयोग पाएर जीवनयापन गर्नु। हामी त्यसरी निरन्तर स्वाभाविक किसिमले आपसी सहयोग गरेर नै जीवन बिताउनेछौं।

आनन्दी जीवनको **तेन्रिक्यो**




# निरन्तर स्वाभाविक किसिमले 'आपसी सहयोग' गरौं





भूकम्प आइरहन्छ। बेमौसमी चिसोका कारणले लगातार क्षति भइरहन्छ। दयनीय परिस्थिति देखेर मानिसहरू सहयोगका लागि सक्रिय हुन थाल्छन्। एक जनाको राहत कार्यबाट सहयोगको भावना फैलिंदै जान्छ। परिणामस्वरूप राहत कार्य व्याप्क हुँदै जान्छ।

हामी एकलै जीवन जिउन सक्दैनौं। आफू थाहा पाए पनि नपाए पनि जीवनयापन गर्दा अरू कसैको सेवामा आश्रित हुनै पर्छ। अझ महान अस्तित्वको संरक्षणद्वारा जीवित रहन सकेका छौं। त्यसैले त्यसको गुण तिर्नु पनि पर्ने हुन्छ। कहिले अरूलाई सहयोग गरेर कहिले कसैको सहयोग पाएर जीवनयापन गर्नु। हामी त्यसरी निरन्तर स्वाभाविक किसिमले आपसी सहयोग गरेर नै जीवन बिताउनेछौं।

आनन्दी जीवनको **तेन्रिक्यो**

№13（ネパール語）

पुतली या फूल जस्तो छ भनी हुर्काउने क्रममा
पुतली या फूल जस्तो छ भनी प्यार गरेर पनि
केवल उनको प्रत्येक श्वास नै पुतली या फूल
हुन्।

(ओसासिजु सन् १८९४ मार्च १८)



यहाँ पुतली या फूल शब्दको प्रयोग गरेर आफ्नो सन्ता-नलाई स्नेहपूर्वक हुर्काउने सन्दर्भलाई प्रकट गरिएको छ। राम्रो पुतली होस् या सुन्दर फूल होस् जीवित रहुन्जेलसम्म प्रिय हुन्छन्। तर त्यो सुकेर गएपछि केही आकर्षक हुँदैन। त्यस्तै आफ्ना प्यारा सन्तानलाई लाडप्यार गरेर मीठो खाना खुवाई राम्रो लुगा लगाइदिए पनि 'जीवित रहन पाइएको' अस्तित्व हुन् भन्ने कुरा कदापि बिर्सिनु हुँदैन भनेर उक्त दैवी वाणीद्वारा सिकाइएको छ।

https://www.tenrikyo.or.jp

पुतली या फूल जस्तो छ भनी हुर्काउने क्रममा
पुतली या फूल जस्तो छ भनी प्यार गरेर पनि
केवल उनको प्रत्येक श्वास नै पुतली या फूल
हुन्।

(ओसासिजु सन् १८९४ मार्च १८)



यहाँ पुतली या फूल शब्दको प्रयोग गरेर आफ्नो सन्ता-नलाई स्नेहपूर्वक हुर्काउने सन्दर्भलाई प्रकट गरिएको छ। राम्रो पुतली होस् या सुन्दर फूल होस् जीवित रहुन्जेलसम्म प्रिय हुन्छन्। तर त्यो सुकेर गएपछि केही आकर्षक हुँदैन। त्यस्तै आफ्ना प्यारा सन्तानलाई लाडप्यार गरेर मीठो खाना खुवाई राम्रो लुगा लगाइदिए पनि 'जीवित रहन पाइएको' अस्तित्व हुन् भन्ने कुरा कदापि बिर्सिनु हुँदैन भनेर उक्त दैवी वाणीद्वारा सिकाइएको छ।

https://www.tenrikyo.or.jp